# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ११/२०७६-७७** | **मितिः २०७७/०३/३०**

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरू र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरू ।

**विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरूलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ :

**(१) एकीकृत परिपत्र-२०७६ को परिपत्र नं. ०१/२०७६ मा देहायबमोजिमको दफा १.१५ थप गरिएको छ :**

१.१५ औषधि ऐन, २०३५ (दोस्रो संशोधन सहित) मा भएको प्रावधान अनुरुप औषधिजन्य कुनै पनि कच्चा पदार्थ तथा तयारी औषधिहरु प्रतीतपत्र वा अन्य माध्यम (ड्राफ्ट, टीटी आदि) बाट निकासी पैठारी गर्दा नेपाल सरकार, औषधि व्यवस्था विभागको सिफारिसपत्र लिनुपर्नेछ ।

**(२) एकीकृत परिपत्र-२०७६ को परिपत्र नं. २१/२०७६ मा देहायबमोजिमको दफा (४) थप गरिएको छ :**

**(४) नगद विदेशी मुद्रा स्थानान्तरण सम्बन्धमा :**

(क) नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालयले नगद परिवर्त्य विदेशी मुद्रा विदेशस्थित एजेन्सी खाताबाट ल्याउन, विदेशस्थित एजेन्सी खातामा जम्मा गर्न तथा नेपालभित्रकै एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्न सक्नेछ ।

(ख) नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरु एवम् इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले परिवर्त्य विदेशी मुद्रा नेपालभित्र एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्न सक्नेछन् ।

(ग) नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालयले भारतीय रिजर्व बैंकबाट नगद भारतीय रुपैयाँ नेपाल भित्र्याउन र जम्मा हुन आएको नगद भारतीय रुपैयाँ भारतीय रिजर्व बैंकका कार्यालयहरुमा जम्मा गर्न लैजान सक्नेछ ।

(घ) नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, यस बैंकका प्रदेशस्थित कार्यालयहरु एवम् इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले देशभित्रकै एक स्थानबाट अर्को स्थानसम्म भारतीय रुपैयाँ स्थानान्तरण गर्न सक्नेछन् ।

(ङ) उपर्युक्त बमोजिम नगद विदेशी मुद्रा स्थानान्तरण गर्दा वीमा, सुरक्षा तथा ढुवानी सम्बन्धी आवश्यक सबै व्यवस्था गर्नु पर्नेछ ।

भवदीय,

बम बहादुर मिश्र
(कार्यकारी निर्देशक)

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधि व्यवस्था विभाग ।
६. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग ।
७. श्री नेपाल सरकार, भन्सार विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१२. श्री नेपाल बैंकर्स संघ ।
१३. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१४. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१५. श्री नेपाल उद्योग परिसंघ ।